# प्रेस विज्ञप्ति

**एभरेष्ट कलर लिमीटेड,**
**"रँगाउदै देश,  मेरो एभरेष्ट कलर"**

एभरेष्ट कलर, स्वदेशी युवाहरु सँगठीत भई विगत १४ वर्षदेखि बहुराष्ट्रिय कम्पनी सरह उच्च गुणस्तरीय कलरहरु उपलब्ध गराउने नेपाली कम्पनीको रुपमा परिचित रहँदै आएको छ । एभरेष्ट कलर, सहकारी मोडलमा स्थापीत पहिलो कलर उधोग, जसले सबै वर्गका उपभोक्ताहरु लाई ध्यान राखी नेपाली हावापानी सुहाउदो उच्च गुणस्तरका प्रिमीयम देखि ईकोनोमी ब्राण्डका विभिन्न प्रकारका रंगहरु उपलब्ध गराइरहेको छ । जस अन्तर्गत हाल कम्पनीले वाहिरी सतहको लागी १० वर्ष वारेन्टी भएको BRILLIANT DAMP PROOF, ७ वर्ष वारेन्टी भएको EVERGUARD PREMIUM EXTERIOR EMULSION, EVERSHINE EXTERIOR EMULSION र EVERCOAT EXTERIOR EMULSION, भित्री सतहको लागी SAPPHIRE LUXURY INTERIOR, DAISY PREMIUM INTERIOR, BELL INTERIOR, FUCHCHHE BELL INTERIOR, ALIEN INTERIOR EMULSION,  ROYAL ACRYLIC WASHABLE DISTEMER, BELL ACRYLIC DISTEMPER , प्राईमर तर्फ PREMIUM EXTERIOR/ INTERIOR PRIMER TH. DTS, EVEREST EXTERIOR / INTERIOR PRIMER, काठ तथा धातुमा प्रयोग हुने EVERLAC HI-GLOSS ENAMEL, JURELI SYNTHETIC ENAMEL, GAIDA BUDGET SYN. ENAMEL तथा सोमा प्रयोग हुने  WOOD PRIMER/ METAL PRIMER RED OXIDE लगायत ALUMUNIUM PAINTS, WATER PROOFING COMPOUNDS EVERCREATE, GOLD PAINTS, FLOOR OXIDE POWDER- KIRMICHI, आर्ट कार्यमा प्रयोग हुने  EVEREST CHOICE  लगायत औधोगीक प्रयोजनको लागी प्रयोग हुने विभिन्न कलरहरु उत्पादन गर्दै आईरहेको छ । निकट भविश्यमा १२ वर्ष वारेन्टी भएको SUPER PREMIUM EXTERIOR EMULSION को उत्पादन छिट्टै बजारमा ल्याउने तयारी भईरहेको छ ।

अन्तराष्ट्रिय गुणस्तर ब्यवश्थापन प्रमाणिकरण प्रमाण पत्र ISO 9001:2015 प्राप्त गरीसकेको एभरेष्ट कलरले कुशल ब्यवश्थापनको साथै उत्पादनहरूको गुणस्तर, वातावरण प्रभाव प्रतिको दायित्व, कार्यस्थलमा स्वास्थ्य र सुरक्षा आदिलाई मनन गरी अन्तराष्ट्रिय स्तरको प्रविधी तथा अत्याधुनीक मेशीनबाट उत्पादन तथा ल्याव टेस्ट गरी नेपाली बजारमा वितरण गरीरहेको छ ।

अन्य कलर उधोग भन्दा पृथक ढँगले, स्वदेशी युवाहरुको लगानीमा विशेषतः नेपाल तथा नेपालीको भौतिक संरचनामा गुणस्तरीय एभरेष्ट कलर प्रयोग गराई आयात प्रतिस्थापन गर्ने, रोजगारीको श्रृजना गर्ने र आन्तरिक राजस्वमा योगदान पुऱ्याई देशको सेवा गर्ने प्रमुख उद्देश्य लिएर स्थापना भई संचालन भईरहेको कम्पनीले नेपाली नागरीकहरुलाई पनी हातेमालो गर्दै समग्र आर्थीक उन्नतीको बाटोमा सहयात्रा गराउने लक्ष्य अनुरुप पब्लिक लिमीटेडमा रुपान्तरीत भएको एभरेष्ट कलरले २०८१ मँसीर १ गते कौशलटार, भक्तपुरमा आयोजना गरेको साधारण सभा मार्फत नेपालमा नै पहिलो पटक सर्वसाधारणका लागि छुट्याइको प्राथमिक शेयर निस्काशन (आइपिओ जारी गर्ने) गर्ने निर्णय गरेको छ ।

हाल कम्पनीको अधिकृत पुँजी रु ३० करोड, जारी पुँजी रु. २६ करोड र चुक्ता पुँजी रु.२२.१० करोड रहेको तथा आइपिओ निश्काशन पश्चात चुक्ता पुँजी रु.२६ करोड पुग्ने छ । कम्पनीको सन्चालक समीतीका अध्यक्ष श्री बद्रीनाथ पोखरेलज्युको अध्यक्षतामा बसेको सभाले सँचालक समीतीले प्रस्ताव गरेका सामान्य तथा विशेष प्रस्तावहरु पारीत गरी साधारण सभा सम्पन्न गर्नुका साथै सँस्थापक समुहवाट प्रतिनिधित्व गर्न ५ जनाको सन्चालकको निर्विरोध चयन गरेको छ । सन्चालकमा निर्वाचीत हुनेहरुमा सरोज लुईटेल, राजनलाल श्रेष्ठ, महेश्वर खनाल, रोजीना श्रेष्ठ र आत्माराम ढुँगाना रहनु भएको छ ।